# तिलाठी कोइलाडी गाउँपालिकाको
# आर्थिक वर्ष २०७८/०७९ को
# बार्षिक नीति तथा कार्यक्रम

तिलाठी कोइलाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी
१० असार २०७८

संविधानको मर्म र भावना अनुरुप स्थानीय सरकारलाई निरन्तरता दिन "**आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र व्यवहार परिवर्तन विकासको मूल आधार**" नारालाई पूर्णता दिनका लागि सहकार्य र समन्वयलाई अझ मजबुत गर्दै कोरोना भाइरसको महामारीका बीच हामी तिलाठी कोइलाडी गाउँपालिकाको पाँचौं गाउँ सभामा उपस्थित भएका छौं । लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ आफ्नो ज्यानको बलिदान दिने सहिदहरूको त्याग र बलिदानलाई उच्च सम्मान गर्दै कोरोना भाइरसको महामारीमा ज्यान गुमाउनु भएका व्यक्तित्वहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति समवेदना प्रकट गर्दछु । मैले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावना, नेपाल सरकार, प्रदेश सरकारको नीति तथा कार्यक्रम, चालु योजना, दिगो विकास लक्ष्य, गाउँ सभा सदस्य तथा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकतालाई समेत ध्यान दिई गाउँपालिकाको गौरवका निमित्त नीति तथा कार्यक्रम पेश गर्दैछु ।
अब म आ.व. २०७८/०७९ को यस तिलाठी कोइलाडी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

आर्थिक बर्ष ०७८/०७९ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएको स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन २०७४ र नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा कार्यविधिलाई मूल आधार मानिएको छ ।

मैले नीति तथा कार्यक्रमहरु प्रस्ताव गर्दा संविधानमा उल्लेख भएका मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु यस अधिवेशनमा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, विभिन्न चरणमा प्राप्त सल्लाह र सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । बार्षिक वजेट, नीति तथा कार्यक्रम तय गर्दा कोभिड नियन्त्रण, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार तथा विपद् व्यवस्थापन क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

"**आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र व्यवहार परिवर्तन विकासको मूल आधार**" भन्ने नारालाई आत्मसात गर्दै आ. ब. २०७८/०७९ को प्रस्तावित बजेटको प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम तय गरिएको छ ।

- ✓ कोराना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नति र स्वस्थ जनशक्ति विकासमा जोड दिइनेछ ।
- ✓ कृषि क्षेत्रको विकासको लागि कृषि तथा पशुपालन क्षेत्रलाई समय सुहाउँदो प्रविधियुक्त, व्यवसायिक तथा सामुहिक खेती, व्यवसायिक पशुपालन, सिंचाई सुविधाको विकास गरी कृषिलाई व्यवसायिकरण गरिने छ ।
- ✓ गुणस्तरीय र जीवनपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार आधारभूत स्वास्थ्य तथा खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माणलाई पहिलो प्राथमिकतासाथ राखिनेछ ।
- ✓ विपद् प्रभावित गाउँपालिकालाई विपद्को जोखिमबाट मुक्त गर्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

तिलाठी कोइलाडी गाउँपालिकालाई "**आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र व्यवहार परिवर्तन विकासको मूल आधार**" भन्ने मूल नारा अनुरुप **सुन्दर, समुन्नत र समृद्ध** बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु तय गरिएको अवगत गराउँदछु ।

**(१) आर्थिक विकास**

- ➢ पशुपालन गर्न चाहने कृषकलाई सहकारी संस्थामार्फत ५० प्रतिशत निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ➢ माछापालन र तरकारी खेती गर्ने कृषकलाई प्रोत्साहन गरिने छ ।
- ➢ खेतीको लागि कृषि मिटर जडान गरेका कृषकहरुलाई बर्षभरिमा लाग्ने महसुलमध्ये बढीमा १ हजार एक सय रुपैयासम्म गाउँपालिकाले तिरिदिनेछ ।
- ➢ कोभिड १९ को कारण मारमा परेका जनतालाई सहुलियत दिन गाउँपालिका भरि घरायसी प्रयोजनको लागि जडान गरिएको ५ देखि ३० एम्पीयरसम्मको विद्युत मिटरबाट खपत हुने महसुलमध्ये विद्युत प्राधिकरणले निर्धारण गरेको न्युनतम महसुल गाउँपालिकाबाट व्यहोरिने व्यवस्था मिलाएको छु ।
- ➢ "एक स्थानीय तह एक कृषि र पशु सेवा प्राविधिक" कार्यक्रम अन्तर्गत गाउँपालिकामा कार्यरत कृषि तथा पशु प्राविधिकहरुकालागि आर्थिक बर्ष २०७८/०७९ मा आधा तलब गाउँपालिकाबाट व्यवस्थापन गरिने छ ।
- ➢ पशु स्वास्थ्य उपचारका लागि घरदैलो घुम्ती सेवा प्रवाहलाई निरन्तरता दिइनेछ ।

- कोभिड १९ को कारण प्रभावित कृषकलाई खेतीमा प्रोत्साहित गर्न धान, गहुँ, सर्सौं तथा मकै बालीको विऊमा पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराइने छ ।
- लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिई स्वरोजगारमा वृद्धि गरिनेछ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई अझ प्रभावकारी ढंगबाट सञ्चालन गरिने छ ।
- गाउँपालिकामा संचालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई नै काममा लगाउने व्यवस्था मिलाइने छ ।
- तिलाठीस्थित खाँडो खोलालाई सिधा हुने गरी निर्माणाधिन पूलसम्म लैजान (हाल बगिरहेको ठाउँ र साबिकको धारको बीच भागमा पर्ने नम्बरी जग्गा (विवादित जग्गा) को उचित राहत/मुआब्जाका लागि गाउँपालिकाबाट संघीय सरकार, प्रदेश सरकार, संघीय साँसद तथा प्रदेश सभा सदस्यहरुसँग छलफल गरी संघ तथा प्रदेश सरकारसँग उचित राहत/मुआब्जा दिलाउन प्रयास गरिने छ । उक्त विवादित नम्बरी जग्गा (विवादित जग्गा)को लागि गाउँपालिकाबाट आगामी आर्थिक बर्षको लागि पनि रु. १० लाख छुट्याई जग्गाधनीहरुलाई कृषि कार्य/पशुपालन कार्यक्रम सञ्चालनका लागि दामासाही हिसाबले अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशु सेवा विकासका लागि विभिन्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- पशुमा लाग्ने र लाग्न सक्ने रोगहरूको निराकरणको लागि भ्याक्सिनेसनको कार्यक्रम अभियानको रूपमा संचालन गरिनेछ ।
- सहकारी संस्थाहरूको सघन अनुगमनलाई प्राथमिकतामा राखि कृषि तथा गैरकृषि सहकारी संस्थाहरूको प्रवर्द्धन गरी उत्पादन बढाईनेछ ।
- स्थानीय सहकारी नीति, कानुन प्रतिपादनका साथै मापदण्ड निर्धारण गरी नियमन समेत गरिनेछ ।
- कोभिडको कारण मारमा परेका हटिया ठेकेदारलाई सहुलियत प्रदान गरिनेछ ।

(२) **सामाजिक विकास**

क) बालबालिका

- कोभिडको कारण ज्यान गुमाएका ब्यक्तिको बालबालिकालाई प्राथमिक शिक्षा अध्ययनको लाीग शैक्षिक सहयोग स्वरुप मासिक रु. १ हजार दिइनेछ ।
- बाल संरक्षणलाई प्रबर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । साथै बाल विवाह मुक्त वडा घोषणाकालागि समेत विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- बालबालिकामा रहेको कुपोषणको अवस्थालाई सुधार गर्न बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ । साथै विद्यालय स्वास्थ्य पोषण कार्यक्रमलाई आधारभूत तहको विद्यालयबाटै कार्यान्वयन गरिनेछ ।
- माध्यमिक विद्यालयमा अध्ययनरत आइरन चक्की र जुकाको औषधि वितरण गर्ने गरिएकोमा आर्थिक बर्ष २०७८/०७९ देखि आधारभूत तहका विद्यालयमा अध्ययनरत १० देखि १९ बर्षका बालिकालाई समेत आइरन चक्की र जुकाको औषधि वितरण गरिनेछ ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको दाँत, मुख, नाक, कान तथा आँखाको परीक्षण गर्ने ब्यवस्था मिलाइनेछ ।
- बेटी पढाउ बेटी बचाउ अभियानलाई अझ प्रभावकारी ढंगबाट सञ्चालन गरिने छ ।
- विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न र विद्यालय छाड्ने दर घटाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिकाको सहभागिता, क्षमता विकास, नेतृत्व विकास लगायतको क्रियाकलापमा उनीहरुको सहभागिता बढाई योजना तर्जुमा प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ ।
- विपद् जोखिम न्युनीकरणमा बालबालिकाको भूमिकालाई ध्यानमा राखी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।
- सामुदायिक विद्यालयहरूका वालक्लवहरूलाई अझ प्रभावकारी वनाई शैक्षिक सुधारको सहयोगीको रूपमा विकास गरिनेछ साथै आवश्यक खेल सामाग्री वितरणको व्यवस्था मिलाइनेछ
- बालबालिकालाई पूर्ण खोपको व्यवस्थापन गरिनेछ ।

ख) **महिला**

- महिला हिंसा, लैंगिक हिंसा, दाइजो प्रथा, यौनजन्य हिंसा, घरेलु हिंसा जस्ता सामाजिक कुरीतिहरुको निरुत्साहित गर्न सहयोग पुग्ने खालको कार्यक्रम तर्जुमा गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

- ➢ विपन्न वर्गका महिलालाई आर्थिक रुपले सबल बनाउन महिला लक्षित क्षमता विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गरिने छ।
- ➢ महिलाको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिइने छ।
- ➢ महिलाहरुको सीपमा अभिवृद्धि गरी आयआर्जनमूलक कार्यक्रममा सहभागी गराइनेछ।
- ➢ यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलन अद्यावधिक गरिनेछ।
- ➢ बालविवाह तथा अनमेल विवाहलाई निरुत्साहित गरिनेछ।

ग) **शिक्षा**

- ➢ कोभिड १९ को कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरूको प्रयोग गरी पठनपाठन सुचारू गर्न सरोकारवालाहरूसंग समन्वय र सहकार्य गरी मार्ग प्रशस्त गरिनेछ ।
- ➢ सामुदायिक विद्यालयमा हाल कायम रहेको शिक्षकको अभाव पूर्तिका लागि आगामी आर्थिक वर्षमा स्वयंसेवक शिक्षक भर्ना गरी दरवन्दी कम भएका सामुदायिक विद्यालयहरूलाई उपलब्ध गराउने र सो को लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- ➢ सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम संचालन गरिनेछ ।
- ➢ सामुदायिक विद्यालयहरूमा अत्यावश्यक देखिएका पुर्वाधार विकास तथा मर्मत सम्भारको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- ➢ गाउपालिकाको शैक्षिक अवस्थामा सुधार ल्याउन बार्षिक शैक्षिक योजना बनाई प्रभावकारी ढंगले लागू गरिनेछ ।
- ➢ सामुदायिक विद्यालयहरूको सघन अनुगमन कार्यलाई नियमित र प्रभावकारी तुल्याइनेछ । यसकालागि आवश्यकतानुसार विज्ञ तथा सरोकारवालाको समेत सहयोग लिइनेछ ।
- ➢ विद्यार्थी संख्याका आधारमा सबै विद्यालयमा उचित सुविधासहित प्रविधिमैत्री, वालमैत्री कक्षाकोठा व्यवस्था गरिनेछ । फर्निचर, शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला, आईसीटी ल्याब व्यवस्था हुने गरी निर्माण, विकास वा स्तरोन्नति गरिनेछ ।
- ➢ सामुदायिक विद्यालयहरुको कार्यालय तथा लेखा ब्यवस्थापन पक्षलाई चुस्त दुरुस्त बनाउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।
- ➢ सामुदायिक विद्यालयहरुको संस्थागत विकासका लागि आवश्यक सहयोग उपलब्ध गराउनुका साथै क्रमशः सबै विद्यालयलाई प्रविधिमैत्री बनाइनेछ।
- ➢ विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने कार्यलाई अनिवार्य गराइ कडाईका साथ लागू गरिनेछ।
- ➢ गुणस्तरीय शिक्षाकालागि बालमैत्री शिक्षण सिकाईको अवधारणालाई लागू गरिने छ।
- ➢ माध्यमिक तहका हरेक विद्यालयमा विपद् जोखिम न्युनीकरण शिक्षालाई अनिवार्य गरिनेछ।

घ) **स्वास्थ्य**

- ➢ कोभिड १९ को संक्रमणको सम्भावित जोखिमलाई ध्यानमा राखी नेपाल सरकारले तोके बमोजिम क्वारेन्टाईन तथा आइसोलेशनलाई सुविधा सम्पन्न बनाउन आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।
- ➢ कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- ➢ प्राथमिक स्वास्थ्यसंस्था, स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाइबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरू र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- ➢ चार पटक गर्भ जाँच गराई स्वास्थ्य संस्थामा प्रसुति भई ३५ दिनभित्र बच्चाको जन्मदर्ता गराउने महिलालाई प्रोत्साहन स्वरुप गाउँपालिकाबाट पोषण प्याकेज वितरण गरिने छ।
- ➢ कोभिड १९ को समयमा अग्रपंक्तिमा रहेर काम गरेका स्वास्थ्यकर्मी तथा जनशक्तिलाई नेपाल सरकारले तोके बमोजिम प्रोत्साहन उपलब्ध गराइने छ।
- ➢ पूर्ण असक्त अपाङ्ग, असहाय, जेष्ठ नागरिकहरुको मासिक घरदैलो स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिइने छ।
- ➢ कोभिड १९ मा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिको लागि आवश्यक ब्यक्तिगत सुरक्षा उपकरणहरुको अभाव हुन नदिन आवश्यक बजेट विनियोजन गरिनेछ।
- ➢ अधुरो रहेको बर्थिङ सेन्टरहरुको निर्माण कार्य आर्थिक बर्ष २०७८/०७९ मा पूरा गरिने छ।

- जेष्ठ नागरिकमा मोतिया विन्दुको समस्या समाधान गर्न आँखा शिविरका साथै विभिन्न स्वास्थ्य शिविरहरु सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्यमा शिविर सञ्चालनलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका अन्तर्गत नव विवाहित दम्पतिलाई प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि तथा बधाई, स्वागत कार्यक्रम संचालन गरिने छ ।
- ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुले स्वेक्षाले राजीनामा दिएमा नेपाल सरकारबाट प्राप्त सुविधामा थप सुविधा प्रदान गरि स-सम्मान विदाई गरिने छ ।
- सूचिकृत गुणस्तरीय निःशुल्क औषधी, उपकरण र स्वास्थ्य सामग्रीको निरन्तर आपूर्ति र उपयोगितालाई सुनिश्चित गरिने छ ।
- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजि क्षेत्रको तथा अन्य संघ संस्थाहरुसँगको सहकार्यलाई प्रवर्द्धन गरिने छ ।

ङ) <u>खानेपानी तथा सरसफाई</u>

- विभिन्न विकास साझेदार संस्थाहरुसँगको सहकार्यमा समुदायको सहभागितामा विपन्न वस्तीहरुका शौचालय नभएका घरहरुमा हातधुने सुविधा सहितको शौचालय निर्माण अभियान सञ्चालन गरिनेछ ।
- पालिकामा रहेका सबै कार्यालयहरु, शिक्षण संस्थाहरु र स्वास्थ्य संस्थाहरुमा निर्धारित मापदण्ड अनुसार खानेपानी, सरसफाइ र स्वच्छताको सुनिश्चित गरिनेछ । साथै खानेपानी र सरसफाइ अन्तर्गत निर्माण हुने सबै प्रकारका संरचनाहरु बाल, लैगिंक, अपागं र वाताबरणमैत्री हुने सुनिश्चित गरिनेछ ।

च) विविध

- क्रिकेट खेलको विकासका लागि प्रशिक्षण शिविर सञ्चालन तथा गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- युएन एजेन्सी, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँगको सहयोग, सहकार्य तथा समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- वैदेशिक रोजगारबाट फर्किएका तथा जान चाहने युवाहरुलाई लक्षित गरी सम्बन्धित क्षेत्रमा कार्यरत गैससससँगको सहकार्य एवम् समन्वयमा बैदेशिक रोजगार सम्बन्धी परामर्श/सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्रका मूख्य एवं सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण तथा संचालन गर्नमा जोड दिइनेछ । सो को लागि विभिन्न विकास साझेदार तथा सरोकारवाला निकायहरुसँग सहकार्य गरिनेछ ।
- खाद्य पदार्थहरुको गुणस्तर र शुद्धता सुनिश्चित गर्न सम्बन्धित निकायहरु संग समन्वय गरी निरन्तर बजार अनुगमनको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिकलाई प्रदान गरिने सेवा सुविधाको लागि ज्येष्ठ नागरिक कार्ड वितरण गरिनेछ ।
- खेलकुद क्षेत्रको विकासकालागि कार्यक्रम बनाई विभिन्न निकायहरुसँग सहकार्य एवम् समन्वयमा कार्यान्वयन गरिने छ ।
- गरिब लक्षित विशेष कार्यक्रम सञ्चालन गरी गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता परिचय पत्र वितरण कार्यलाई थप ब्यवस्थित बनाउनुका साथै अपाङ्गता भएका ब्यक्तिहरुलाई लक्षित गरि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सूचना संकलन, संग्रह तथा अभिलेखहरुलाई ब्यवस्थित गर्न डिजिटाइजेशन गरिनेछ ।
- सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्था तथा विद्यालयहरुलाई प्रविधिमैत्री बनाइनेछ ।

(३) **पूर्वाधार विकास**

- गाउँपालिकाभित्र निर्माण गरिने सार्वजनिक संरचनाहरुहरु अपाङमैत्री बनाउन विशेष पहल गरिने छ ।
- भौतिक पुर्वाधार सम्बन्धी हरेक योजनाहरुमा योजनाको प्रकृति अनुसार जनसहभागिता सुनिश्चित गरिनेछ ।
- भवन निर्माण मापदण्ड तथा आचार संहिता निर्माण गरी कडाईका साथ लागु गरिनेछ ।
- गुणस्तरीय निर्माण सुनिश्चित गर्न निर्माण कार्यको गुणस्तर परीक्षणलाई अनिवार्य गर्दै लगिनुका साथै अनुगमन र निरीक्षण कार्यलाई थप प्रभावकारी बनाइने छ ।
- वडा कार्यालयहरुको भवन निर्माण गरी सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ ।
- पूर्वाधार विकासका लागि आवश्यक्ता अनुसार सर्वेक्षण, डिजाइन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना दस्तावेज (DPR) तयारी आदि कार्यको मापदण्ड निर्धारण गरी प्राविधिक अध्ययन गरिनेछ । यस्तो

कार्यमा प्रदेश, संघीय सरकार तथा विकास साझेदारसँग समन्वय गरी गाउपालिकाभित्र उचित संयन्त्र निर्माण र सहयोग परिचालन गरिनेछ ।

**(४) वन वातावरण तथा विपद व्यवस्थापन**

- आर्थिक बर्ष २०७८/०७९ मा सबै वडा कार्यालय तथा कम्तिमा १० वटा विद्यालयमा चट्याङ प्रतिरोधी प्रणाली जडान गरिने छ ।
- कोभिड १९ बाहेकका विपद्हरूको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- आर्थिक बर्ष २०७८/०७९ मा विपद् सिकाई केन्द्र (Disaster Learning Centre) र वेदर फोरकास्ट स्टेशन(मौसम पूर्वसूचना केन्द्र) स्थापना गरिने छ ।
- पानीको श्रोत, पोखरी, तलाउ लगायतका जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ । जलवायु परिवर्तनलाई ध्यानमा राखी लागत साझेदारीमा पोखरी खनाउने कार्यलाई प्रबर्द्धन गरिनेछ ।
- विभिन्न निकायसँगको सहकार्यमा विपद् व्यवस्थापनका लागि समुदाय तथा कर्मचारीहरुको क्षमता विकास गरिने छ ।
- विपद्को समयमा आपतकालिन उद्धार र राहतको लागि खुला सार्वजनिक स्थानको पहिचान गरी आपतकालिन आश्रयस्थलको रूपमा विकास गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा आपतकालीन औषधिको भण्डारणको व्यवस्था मिलाई स्वाथ्यकर्मीहरूलाई समेत तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा सञ्चालनमा रहेको आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) लाई अझै सुविधासम्पन्न बनाईने छ ।
- खाँडो खोला लगायतका विभिन्न नदी तथा खोलाहरुबाट बर्षेनी आउने बाढीबाट हुन सक्ने क्षतिबाट बच्न विभिन्न किसिमका सचेतनामुलक कार्यक्रम तथा अल्पीकरणका योजनाहरु सञ्चालन गरिनेछ ।
- खाँडो खोलाले बर्सेनी जनधनको क्षति गर्दै आएकोले बाँधिएको बाँधलाई अझ ठोस बनाउन तथा नियन्त्रण एवम् व्यवस्थापनको कार्य प्रभावकारी ढंगले गर्न सम्बन्धित निकायसँगको समन्वय गरिने छ ।

**(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- कर्मचारीहरुको पेशागत सुरक्षाका लागि कर्मचारी कल्याण कोष स्थापना गरिनेछ र सो को लागि आवश्यक कार्यविधि बनाई लागू गरिनेछ ।
- गाउँपालिकाको भिडियो प्रोफाइल तथा डिजिटल प्रोफाइल तयारीको लागि बजेटको ब्यवस्था गरिनेछ ।
- करको दायरामा नआएका क्षेत्रहरूलाई करको दायरामा ल्याइनेछ । यसको लागि आर्थिक वर्ष ०७८/०७९ मा आन्तरीक राजश्व अभिवृद्धि सुझाव तथा कार्यदल बनाई कार्य गरिनेछ । यसको लागि सरोकारवाला गैसस तथा यस क्षेत्रमा कार्यरत संघसंस्थाहरूको सहयोग लिइनेछ ।
- पत्रकारिता क्षेत्रको विकासकालागि सरोकारवाला संस्थासँगको समन्वय तथा सहकार्यमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वन गरिनेछ ।
- गाउपालिका तथा वडाबाट संचालन हुने विकास निर्माण कृयाकलाप तथा सेवा प्रवाहको वारेमा आम नागरिकलाई सु सुचित गर्न र नागरिकको चासो र सरोकारका विषयलाई प्रत्यक्ष सम्वाद गरी सम्वोधन गर्नका लागि चौमासिक रूपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
- सबै वडा कार्यालयहरूलाई प्रविधिमैत्री बनाइ ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमका अभिलेखलाई डिजिटलाइजेशन गरी प्रविधियुक्त बनाइ अनलाइन गरिने छ । यसका लागि हरेक वडामा एक जना कम्प्युटर अपरेटरको ब्यवस्था गरिनेछ ।
- स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न आवश्यक विज्ञ सेवाको लागि सम्बद्ध पक्षहरुसँग समन्वय गरिनेछ ।
- यस गाउँपालिका भित्र पर्ने स्वास्थ्य चौकी र वडा कार्यालयको काम कारवाहीलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउनका लागि विद्युतीय हाजिरीका साथै क्रमश: सि.सि टिभी क्यामेरा जडान गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण शुद्धिकरण/अद्यावधिक गर्न अन्य निकायहरुसँगको सहकार्यमा उपयुक्त स्वरुपको अभियान चलाइएको छ र यस कार्यलाई निरन्तरता दिइने छ ।
- उच्च प्रविधिको प्रयोग गर्नुपर्ने र ठूला लागत बाहेकका आयोजनाहरुको कार्यान्वयन उपभोक्ता समिति, सहकारी र सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ । उपभोक्ता समितिहरुलाई प्रभावकारी परिचालन गर्न उपभोक्ता समिति परिचालन कार्यविधि तर्जुमा गरिनेछ ।

- हरेक नागरिकको वैंक खातालाई अनिवार्य गरि वृद्धवृद्धा, एकल महिला तथा अपाङ्ग नागरिकको सामाजिक सुरक्षा भत्ता वैंक मार्फत व्यक्तिको खातामा सिधै पठाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा दर्ता हुन आएका सवै विवादहरुलाई छिटो र छरितो छिनोफानो हुने ब्यवस्था मिलाइनेछ । यसका लागि सामुदायीक मेलमिलाप केन्द्रहरुलाई अधिकतम परिचालन गर्ने ब्यवस्था मिलाइनेछ ।

(च) **वित्तीय व्यवस्थापन**

- स्थानीय सरकारको मेरुदण्ड भनेको गाउँपालिकाको आन्तरिक आय भएकोले संवैधानिक रुपमा प्राप्त भएको राजस्व परिचालनको अधिकारलाई आत्मसात गर्दै आन्तरिक आयमा सुधार ल्याउन बहालकर, विटौरी करलाई संस्थागत गर्ने तथ्यांक संकलन सहितको विस्तृत अध्ययन गरिनेछ ।
- सेवाग्राहीलाई सेवा प्रवाह गर्नु अघि गाउँपालिकाको आर्थिक ऐन २०७८ मा तोकिएका कर, दस्तुर र सेवा शुल्क लिएर मात्र सेवा प्रवाह गरिनेछ । सेवा प्रवाह क्षेत्रसँग सम्बद्ध रकम नबुझाई सेवा दिएमा वा शुल्क दस्तुर छुट दिएमा सेवा प्रवाह गर्ने व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
- प्रचलित ऐन, कानुन बमोजिम गाउँपालिकामा दर्ता भई संचालन हुनु पर्ने सबै प्रकारका व्यवसायलाई गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्न र गराउन लगाई सो को अभिलेख व्यवस्थित बनाउँदै लगिनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेका पोखरी तथा हाट बजारहरुको उपयुक्त व्यवस्थापन र विकास गरी आन्तरिक आम्दानीको एक प्रमुख श्रोतको रुपमा विकसित गर्दै लगिनेछ ।
- गाउँपालिका कार्यालयमा लिइने विभिन्न प्रकारका सेवा शुल्क, कर, दस्तुर, पञ्जीकरण आदि लगायतका कार्य प्रविधिमैत्री प्रणाली अबलम्बन गरिने छ ।
- विगतका वर्षहरुको बेरुजु, पेश्कीहरुको एकीकृत लगत खडा गरी त्यसको असुल उपर गर्दै फछ्र्यौट गर्ने/गराउने तर्फ आवश्यक प्रयास गरिनेछ ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

अब म आर्थिक बर्ष ०७८/०७९ को बजेटको विवरण प्रस्तुत गर्दछु ।

तिलाठी कोइलाडी गाउँपालिकाको आ.व.०७८/०७९ को कुल बजेट ४३ करोड १६ लाख ७७ हजार ७ सय ५० रुपैयाँ ८० पैसा मात्र रहेको छ । कुल बजेटको चालु तर्फ २५ करोड २० लाख ७७ हजार ७ सय ५० रुपैयाँ ८० पैसा र पूँजिगत तर्फ १७ करोड ९६ लाख रुपैयाँ रहेको छ । तिलाठी कोइलाडी गाउँपालिकाको कुल आन्तरिक आम्दानी ५० लाख रुपैयाँ प्रस्ताव गरिएको छ ।

कूल बजेटमा संघबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ १२ करोड १४ लाख र सशर्त अनुदानतर्फ १८ करोड ६९ लाख, राजस्व बाँडफाँडबाट ६ करोड ७९ लाख ७० हजार रुपैयाँ, पूँजीगततर्फ समपुरक अनुदान ३ करोड १३ लाख रुपैयाँ रहेको छ । यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ८२ लाख ४० हजार, राजस्व बाँडफाँडबाट ३० लाख १७ हजार ७ सय ५० रुपैयाँ ८० पैसा, विशेष अनुदानतर्फ ३० लाख र समपुरक अनुदानतर्फ २० लाख तथा युनिसेफबाट ३५ लाख ५० हजार रुपैयाँ प्राप्त हुनेछ । गाउँपालिकाको आठ वटै वडाहरुलाई आगामी आर्थिक बर्षको लागि वडा सिलिङ अन्तर्गत रु. ६० लाख तोकिएको छ ।

**आदरणीय महानुभावहरु,**

आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु, गाउँपालिकाका बासिन्दाहरुका साथै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग पाउने आशा एवम् विश्वास लिएको छु । धन्यवाद ।